apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।
आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**
०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्षः १२ ● अंकः २७२ ● पृष्ठः ४ ● ३१ असोज २०८३ शनिबार (17 October 2026. Saturday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सिरहामा कुटपिटपछि मोटरसाइकलमा आगजनी



अपन दैनिक संवाददाता
सिरहा, असोज ३० गते

सिरहाको बरियारपट्टी गाउँपालिका-२ खोक्सीमा पुरानो रिसइबीका कारण भएको कुटपिटमा एकै परिवारका पाँच जना घाइते भएका छन्। कुटपिटपछि आक्रोशित बनेको समूहले दुईवटा मोटरसाइकलमा आगजनी गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार असोज ३० गते राति करिब ११:५५ बजे स्थानीयबीच पुरानो रिसइबीका कारण विवाद हुँदा कुटपिट भएको थियो। घटनामा स्थानीय ४५ वर्षीय सुरेन्द्र दास, उनकी ४० वर्षीया श्रीमती उषा देवी दास तथा छोराहरू २५ वर्षीय राधाकृष्ण दास, २२ वर्षीय हरिकृष्ण दास र १७ वर्षीय देवकृष्ण दास घाइते भएका छन्।

प्रहरीका अनुसार कुटपिटबाट सुरेन्द्रको खुट्टा र दाहिने हातमा, उषाको दाहिने हातमा तथा राधाकृष्णको टाउकोमा चोट लागेको छ। हरिकृष्ण र देवकृष्णलाई भित्री चोट लागेको बताइएको छ। घाइते पाँचै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको छ।

कुटपिटको घटनापछि करिब १५० देखि २०० जनाको समूहले दुईवटा मोटरसाइकलमा आगजनी गरेको प्रहरीको प्रारम्भिक विवरणमा उल्लेख छ। आगलागीबाट दुवै मोटरसाइकल पूर्ण रूपमा जलेर नष्ट भएका छन्। जलेका मोटरसाइकलमध्ये एउटाको नम्बर खुल्न सकेको छैन भने अर्कोको नम्बर बीआर-३२ यू ६०१६ रहेको प्रहरीले जनाएको छ। दुवै मोटरसाइकलका धनीको पहिचान हुन सकेको छैन।

घटनाको सूचना प्राप्त हुनासाथ प्रहरी चौकी जानकीनगरबाट प्रहरी सहायक निरीक्षक ओम प्रमोद साहको कमान्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थिति नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय महेशपुर

बाँकी पृष्ठ ३ ▸▸

## मधेश सरकार फेरि अस्थिर, एमालेले छाडेपछि नयाँ गठबन्धनको कसरत



अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज ३० गते

एमाले शुक्रबार मधेश प्रदेश सरकारबाट बाहिरिएको छ। सो दलबाट सरकारमा रहेका चारजना मन्त्रीले राजीनामा पत्र मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई बुझाएका छन्। एमालेले प्रदेश प्रमुख डा.सुरेन्द्र लाभ कर्णलाई समर्थन फिर्ता लिएको पत्र बुझाएको छ। यससँगै झन्डै एक वर्षपछि मधेशमा पुनः अस्थिरताको पुनरावृत्ति भएको छ।

एमालेले समर्थन फिर्ता लिएसँगै मधेश सरकार अल्पमतमा परेको छ। अब ३० दिन भित्र मुख्यमन्त्री यादवलाई सदनबाट विश्वास प्रमाणित गर्नु पर्ने चुनौती थपिएको छ।

१०७ मधेश प्रदेशसभामा सरकारको आवश्यक बहुमतको लागि ५४ सिट आवश्यक पर्छ। काँग्रेसको २२ र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को १५ सिट मात्र छ। २३ सिटको एमालेले सरकारको साथ छाडेको छ। यससँगै सरकार नैतिक संकटमा परेको छ।

गत जेठ १२ गते १५ तीनदलबीच सहमति पश्चात नेकपा एमाले सरकारमा सहभागी भएको थियो।

साढे ५ महिना पश्चात् एमाले सरकार छाडेको हो। एमालेले संविधानको धारा १६८ को ३ अनुसार चलखेल गरेपछि कांग्रेसले एमालेको साथ छाडेको थियो।

सँगै मधेश केन्द्रीत दल जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी,

बाँकी पृष्ठ ४ ▸▸

## सिरहाका प्रहरी निरीक्षक मल्ल 'उत्कृष्ट लागूऔषध अनुसन्धानकर्ता' को रुपमा सम्मानित

अपन दैनिक संवाददाता
सिरहा, असोज ३० गते

सिरहामा कार्यरत प्रहरी निरीक्षक विशाल मल्ल सम्मानित भएका छन्। ७१औं प्रहरी दिवस-२०८३ को अवसरमा उनलाई 'उत्कृष्ट लागूऔषध अनुसन्धानकर्ता' का रूपमा सम्मान गरिएको हो।

लागूऔषध तस्करीको सञ्जाल पहिचान, जोखिमपूर्ण परिस्थितिको नेतृत्व र प्रभावकारी अनुसन्धानमार्फत महत्वपूर्ण सफलता हासिल गरेको भन्दै उनलाई सम्मान गरिएको हो।



नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले

बाँकी पृष्ठ ४ ▸▸

## तिहारपछि केन्द्र सरकारसँग प्रहरी समायोजनबारे वार्ता गर्छौं: मुख्यमन्त्री यादव

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज ३० गते

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले दशैं तिहारपछि केन्द्र सरकारसँग प्रहरी समायोजन सम्बन्धी वार्ता गर्ने जानकारी गराएका छन्। ७१औं प्रहरी दिवसको अवसरमा जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै मुख्मन्त्री यादवले सातवटै प्रदेशका मुख्यमन्त्री एकै पटक तिहारपछि केन्द्र सरकारसँग वार्ता गर्न जाने बताए।




उनले प्रहरी समायोजसम्बन्धी कार्यलाई अघि बढाउन हालै कोशी प्रदेशमा सम्पन्न अन्तरप्रदेश मुख्यमन्त्री

बाँकी पृष्ठ ३ ▸▸









प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

## सम्पादकीय...

### हाईमास्ट लाइट मर्मत गरी उपयोगमा ल्याउ

सिरहाको बजारदेखि गाउँगाउँसम्म सार्वजनिक स्थल, मठमन्दिर, चोक तथा सडकमा हाईमास्ट लाइट जडान गर्ने क्रम बढेको छ। स्थानीय तहदेखि प्रदेश सरकारसम्मले यस्ता लाइट जडानका लागि करोडौं रुपैयाँ खर्च गरेका छन्। रातिको समयमा सार्वजनिक स्थललाई उज्यालो बनाउने, सडकमा आवागमन सहज बनाउने, सुरक्षा व्यवस्था मजबुत पार्ने र नागरिकलाई सुरक्षित वातावरण प्रदान गर्ने उद्देश्यले हाईमास्ट लाइट जडान गरिनु सकारात्मक कदम हो। तर, जडान गरिएका लाइटहरू नियमित रूपमा सञ्चालनमा आउन नसक्नु र मर्मतसम्भारको अभावमा बिग्रिँदै गएको छ। यसले सरकारी खर्चको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ। सिरहाका विभिन्न स्थानमा जडान गरिएका हाईमास्ट लाइटमध्ये धेरैजसो अहिले बल्न छाडेका छन्। कतिपय स्थानमा जडान गरिएका लाइटहरू लामो समयदेखि प्रयोगविहीन अवस्थामा छन्। जिल्ला प्रशासन कार्यालय सिरहामा करिब १० लाख रुपैयाँ खर्च गरेर जडान गरिएको हाईमास्ट लाइटसमेत सञ्चालन छैन्। प्रादेशिक अस्पताल सिरहा, हेमनारायण चोक लगायतका स्थानमा जडान गरिएका हाईमास्ट लाइट पनि नियमित देखभाल र मर्मतसम्भारको अभावमा बिग्रिन थालेका छन्। नागरिकको सुविधाका लागि गरिएको लगानीले अपेक्षित प्रतिफल दिन नसक्नु दुःखद विषय हो।

विकास निर्माणको अर्थ नयाँ संरचना निर्माण गर्नु वा उपकरण जडान गर्नु मात्र होइन्। त्यसको नियमित सञ्चालन, संरक्षण र प्रभावकारी उपयोग सुनिश्चित गर्नु पनि विकासकै महत्वपूर्ण पक्ष हो। सरकारी बजेट खर्च गरेर लाइट जडान गर्ने, उद्घाटन गर्ने र त्यसपछि त्यसको अवस्थाबारे चासो नराख्ने प्रवृत्ति अन्त्य हुनुपर्छ। कुनै पनि योजना सम्पन्न भएपछि त्यसबाट नागरिकले कति लाभ पाए, संरचना कति समयसम्म सञ्चालनमा रह्यो र त्यसको मर्मतसम्भार कसले गर्ने भन्ने विषयमा सम्बन्धित निकाय जिम्मेवार हुनुपर्छ। अन्यथा, विकासका नाममा खर्च गरिएको ठूलो रकम उपलब्धिविहीन बन्नेछ। हाईमास्ट लाइट जडानमा देखिएको अर्को महत्वपूर्ण समस्या विद्युत् मिटर र विद्युत् महसुल व्यवस्थापनसँग सम्बन्धित छ। कतिपय स्थानमा मिटरबिना नै लाइट जडान गरिँदा विद्युत् खपतको यथार्थ विवरण प्राप्त गर्न, खपतको जिम्मेवारी निर्धारण गर्न र नियमित व्यवस्थापन गर्न कठिनाइ हुन सक्छ। यसले नेपाल विद्युत् प्राधिकरणको राजस्व व्यवस्थापनमा समेत समस्या निम्त्याउन सक्छ। त्यसैले हाईमास्ट लाइट जडान गर्दा विद्युत् मिटरको व्यवस्था, विद्युत् महसुल भुक्तानी र नियमित सञ्चालनको जिम्मेवारी स्पष्ट गरिनुपर्छ। विद्युत् आपूर्तिसम्बन्धी नियम पालना नगरी संरचना जडान गर्नु र पछि त्यसलाई अलपत्र छाड्नु कुनै पनि दृष्टिले उचित हुन सक्दैन्।

हाईमास्ट लाइट बिग्रिएपछि मर्मत गर्ने जिम्मेवारी कसको हो भन्ने विषयमा पनि स्पष्ट छैन्। स्थानीय तह, प्रदेश सरकार, सडक डिभिजन कार्यालय र विद्युत् प्राधिकरणबीच प्रभावकारी समन्वय नहुँदा यस्ता समस्या लम्बिने गरेका हुन सक्छन्। योजना निर्माण गर्ने निकायले जडानपछि त्यसको जिम्मेवारी अर्को निकायको भएको भन्दै पन्छिने प्रवृत्ति देखिएमा सार्वजनिक सम्पत्तिको संरक्षण हुन सक्दैन्। त्यसैले योजना कार्यान्वयन गर्नुअघि नै सञ्चालन, मर्मतसम्भार, विद्युत् महसुल र अनुगमनको जिम्मेवारी तोकिनुपर्छ। सम्बन्धित निकायबीच समन्वय गरी नियमित निरीक्षण गर्ने र बिग्रिएका लाइट तत्काल मर्मत गर्ने व्यवस्था मिलाइनुपर्छ। स्थानीय सरकार, प्रदेश सरकार, सडक डिभिजन कार्यालय र नेपाल विद्युत् प्राधिकरणले यस विषयलाई साझा जिम्मेवारीका रूपमा लिनुपर्छ। आवश्यकताका आधारमा संयुक्त अनुगमन गरी समस्या समाधानका लागि ठोस कार्ययोजना बनाउनुपर्छ। लाइट जडानमा खर्च भएको रकमको सदुपयोग सुनिश्चित गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु र नागरिकले त्यसबाट प्रत्यक्ष लाभ पाउने वातावरण निर्माण गर्नु सबै सम्बन्धित निकायको दायित्व हो। त्यसैले बिग्रिएका लाइट मर्मत गरी सञ्चालनमा ल्याउने, विद्युत् मिटरको व्यवस्था गर्ने, नियमित देखभालको प्रणाली विकास गर्ने र जिम्मेवार निकायलाई उत्तरदायी बनाउने काममा अब ढिलाइ हुनु हुँदैन्। नागरिकको सुविधाका लागि खर्च गरिएको सार्वजनिक बजेट बालुवामा पानी हाले सरह बन्न दिनु हुँदैन्। सरकारी लगानीलाई उपलब्धिमा रूपान्तरण गर्न जडानभन्दा सञ्चालन, निर्माणभन्दा संरक्षण र बजेट खर्चभन्दा परिणामलाई प्राथमिकता दिनु आवश्यक। यसैले यसमा सम्बन्धित निकायले गम्भीरतापूर्वक सोचेर अघि बढ्नु र समस्या समाधान गर्नुपर्छ।

# शक्तिराष्ट्रको स्वार्थले ओझेलमा राष्ट्रसंघ

## नेपालले पनि भोटेकोसी विपद्को पीडादायी कथाव्यथा पछिल्लो महासभामा राख्ने अवसर पायो



विनोद न्यौपाने

संयुक्त राष्ट्रसंघको उपयोगिता, प्रभाव र भविष्यबारे बहस सुरु भएको छ। दोस्रो विश्वयुद्धको समाप्तिसँगै स्थापित राष्ट्रसंघ केही समय शक्तिराष्ट्रकै वरिपरि घुमिरह्यो। ठूला र शक्तिशाली राष्ट्रको दबदबामा परेका साना राष्ट्रको हितरक्षामा जन्मिएको राष्ट्रसंघ बिस्तारै ठूला र साना राष्ट्रका समस्या औपचारिक रूपमा राख्ने बहुपक्षीय फोरमका रूपमा विकसित हुँदै गयो। राष्ट्रसंघ भन्नेबित्तिकै संसारबाटै सम्मानको भावले हेरिन्थ्यो तर अहिले त्यसको सान्दर्भिकतालाई कमजोर बनाउने प्रयत्न भइरहेको छ।

अमेरिकालगायतका शक्तिराष्ट्रले आफ्नै आर्थिक सहयोगले चल्ने संस्था भनेर बेलाबेलामा राष्ट्रसंघका निर्णयप्रति असहमति जनाउँथे। साना राष्ट्रको हितमा काम गरे पनि राष्ट्रसंघबाट हामीहरूलाई अप्ठ्यारो पर्ने कुनै पनि निर्णय नहोस् भन्ने चाहना ती शक्तिराष्ट्रको हुन्थ्यो नै। यतिबेला शक्तिराष्ट्रहरू राष्ट्रसंघलाई महत्त्व दिन छाडेका छन्। उनीहरू बहुपक्षीय नभई, द्विपक्षीय सम्झौताबाट राष्ट्रिय स्वार्थ पूरा हुनेमा विश्वस्त हुन थालेका छन्। शक्तिराष्ट्रको राष्ट्रिय स्वार्थले राष्ट्रसंघ ओझेलमा परे पनि साना राष्ट्रका लागि अझै यस मञ्चको महत्त्व बाँकी नै छ। किनभने उनीहरूका सामु आजसम्म एउटै मञ्चमा उभिएर आफ्ना समस्या राख्न पाइने ठाउँ छ।

नेपालले पनि भोटेकोसी विपद्को पीडादायी कथाव्यथा पछिल्लो महासभामा राख्ने अवसर पायो। शक्तिशाली ठूला मुलुक नै राष्ट्रिय स्वार्थमा लागिरहेका बेला नेपालजस्ता साना मुलुकले आफूलगायत अन्य साना राष्ट्रको सामूहिक स्वार्थमा बोल्नुको खासै अर्थ त नहोला। तर बाहिरबाट हेर्दा बहुपक्षीय संस्थाबाट न्याय हुन्छ भन्ने झिनो आशा नेपालजस्ता राष्ट्रमा अझै जीवितै छ।

निश्चित नियम र कानुनको घेरामा बस्ने विधानसहित बहुपक्षीय हितकै लागि राष्ट्रसंघ स्थापना गरिएको हो। ठूला राष्ट्रको दबदबाले ग्रसित साना मुलुकको हित प्रवर्धन उतिबेलाको प्रमुख उद्देश्य थियो। अहिले विश्वकै राजनीतिक, आर्थिक, सामाजिक र रणनीतिक परिस्थिति फेरिएको छ। नियम कानुनको परिधिभित्र बाँधिनुभन्दा पनि स्वार्थ प्रबल भएर आएको छ। त्यसैले त राष्ट्रसंघजस्ता सामूहिक हित हेर्ने बहुपक्षीय संस्थाको सान्दर्भिकता घट्दै जान थालेको हो।

राष्ट्रसंघको ७९औँ महासभामा संसारका शक्तिशाली राष्ट्रका कार्यकारी प्रमुखहरू अमेरिका पुगेर पनि महासभामा उपस्थित भएनन्। ती राष्ट्रको प्रतिनिधित्व नभएको भने होइन। बहुपक्षीय फोरमबाट संसारलाई आर्थिक विकास, सामूहिक एकता र भाइचाराको सन्देश दिनुपर्ने शक्तिशाली पात्रहरूको महासभामा अनुपस्थितिलाई राष्ट्रसंघलाई महत्त्व नदिइएको अर्थमा लिइएको छ। यसले राष्ट्रसंघको उपयोगितामाथि प्रश्न उठाएको छ। त्यसो त स्थापनाकालमै ठूला राष्ट्रलाई 'निषेधाधिकार' (Veto Power) दिइएको थियो। यद्यपि, सबै मुलुकलाई थोरैबहुत आर्थिक भार भए पनि ठूला राष्ट्रको अधिक आर्थिक स्रोतबाट राष्ट्रसंघ चल्दै आएको छ।

राष्ट्रसंघ स्थापनासँगै उपनिवेशवाद अन्त्य भई साना राष्ट्रको पनि आत्मनिर्णयको अधिकार सुनिश्चित भयो। आर्थिक समानता, विकास र सामाजिक न्यायका पक्षमा आवाज बुलन्द भए। एसिया र अफ्रिकाका नयाँ राष्ट्र पनि राष्ट्रसंघका सदस्य बने। को शक्तिशाली, को कमजोर भन्ने भएन। एउटा राष्ट्र र राष्ट्र राष्ट्रबीचका समस्या निरूपण गर्ने सामूहिक थलो भएकैले राष्ट्रसंघ शक्तिशाली बनेको थियो। यसको उपयोगितालाई असान्दर्भिक बनाइयो भने साना राष्ट्रको आत्मसम्मानमा ठेस मात्रै पुग्दैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौती पनि थपिनेछन्। सामूहिक भावनाको विकास, सामूहिक सुरक्षा नीति र सामूहिक कार्ययोजनासहित अघि बढ्दा मात्रै विश्वको कल्याण हुने हो।

शक्तिशाली राष्ट्रले अङ्गालेको द्विपक्षीय र बहुपक्षीय हित प्रवर्धनबाट राष्ट्रिय स्वार्थ त पूरा होला तर त्यसले पार्ने दीर्घकालीन असरबारे पनि सँगसँगै बहस प्रारम्भ गर्नुपर्छ। राष्ट्रसंघले शक्तिशालीको लाभ मात्र होइन साना र विकासोन्मुख राष्ट्रको सम्मानमा पनि उभिनुपर्छ। त्यसकारण पनि राष्ट्रसंघको महत्त्व घटाउने होइन बढाउनुपर्छ।

विश्व परिस्थिति पहिलेको अवस्थामा छैन। रुस, चीन, भारत आर्थिकरूपमा शक्तिशाली भएका छन्। एसिया विश्व अर्थतन्त्रको मूल केन्द्र नै बनिसकेको छ। संसार विकसित हुनु राम्रो हो तर अप्ठ्यारोमा खोलिएको राष्ट्रसंघलाई सजिलो भएपछि अप्ठ्यारोमा पार्ने काम गर्नु राम्रो होइन।

भोलि फेरि यसको सान्दर्भिकता बढ्न पनि सक्छ। युद्धबाट पिल्सिएको संसारलाई यसबाट सधैँका लागि मुक्ति दिलाउन जन्मिएको संस्थाको महत्त्व क्षणिक लाभ र हानिसँगै घटाउनु हुँदैन। विशेषगरी अमेरिका, चीन, रुस र भारतजस्ता मुलुकले राष्ट्रसंघजस्तो बहुपक्षीय संस्थाको साख घटाउन होइन बढाउन भूमिका निर्वाह गर्नुपर्छ। आगामी महासभाहरूमा पनि यस्तै अवस्थाले निरन्तरता पायो भने साना राष्ट्रको भावनामाथि चोटमात्रै पुग्दैन राष्ट्रसंघप्रतिको सम्मान पनि घट्नेछ।

**क्षेत्रीय सङ्गठनको बढ्दो साख**

सार्कमा भारतको चासो घट्न थालेपछि त्यो संस्थाको भूमिका समाप्तप्रायः जस्तै भएको छ। बिमस्टेकमार्फत भारतले आफ्नो उपयोगिता सिद्ध गर्न थालेपछि सार्क यतिबेला असान्दर्भिक जस्तै भएको छ। उता ब्रिक्स (BRICS) खुल्यो। ब्रिक्समा संसारकै उदाउँदा शक्ति र विकासशील राष्ट्र सदस्य छन्।

उसले संसारको अर्थतन्त्र, व्यापार, ऊर्जा, विकास र प्रविधिमा दक्षिण विश्वको प्रभुत्वलाई प्रतिनिधित्व गर्ने दाबी गर्छ। चार राष्ट्रबाट खुलेको ब्रिक्समा अहिले १३ राष्ट्र सदस्य भइसकेका छन्। यसले न क्षेत्रीयताको वकालत गर्छ न त निश्चित विचारधाराको नै। भारत, चीन, दक्षिण अफ्रिका, ब्राजिल र साउदी अरेबियालगायत ब्रिक्समा सदस्य छन्। लोकतान्त्रिक भारत, एकलकाटेजस्तो देखिने कम्युनिस्ट शासन भएको चीन, धार्मिक अधिराज्य साउदी अरब, दक्षिणपन्थी ब्राजिल र बहुजातीय, बहुदलीय गणतन्त्रात्मक मुलुक दक्षिण अफ्रिका पनि एउटै समूहमा छन्। यी राष्ट्र ब्रिक्समार्फत आआफ्नो राष्ट्रिय स्वार्थका लागि जोडिएका हुन्, निश्चित सैद्धान्तिक आधारमा होइन।

युरोपको प्रतिनिधित्व युरोपेली संघले गर्छ। अफ्रिकामा अफ्रिकी संघ, दक्षिणपूर्वी एसियामा आसियान (ASEAN), पश्चिम एसियामा खाडी सहयोग परिषद् (GCC) र युरेसियामा साङ्घाई सहयोग सङ्गठन (SCO) क्रियाशील छन्।

यसरी क्षेत्रीय र समूहगत छाता सङ्गठन खुल्नुको अर्थ राष्ट्रसंघको ओतबाट मात्र राष्ट्रिय स्वार्थ पूरा गर्न सकिन्न भन्ने निष्कर्ष हो। यो दोस्रो युद्धपछि सामूहिक हितमा खोलिएको बहुपक्षीय राष्ट्रसंघको औचित्यमाथि प्रश्नचिह्न लगाइएको सङ्केत पनि हो।

हाम्रा छिमेकी भारत र चीन ब्रिक्समा सँगै छन्। एसियामै पनि व्यापारिक दृष्टिकोणबाट यी दुवैको स्वार्थ मिलिरहेको छ। विश्व उत्पादन र व्यापारको ठूलो हिस्सा एसियामा केन्द्रित भएकाले पनि यी क्षेत्रका प्रभावशाली मुलुकबीचको निकटतालाई स्वाभाविक मान्नुपर्छ। यसबाट स्पष्ट हुन्छ – शक्तिशाली राष्ट्र पनि राष्ट्रिय स्वार्थ केमा छ भन्ने विषयबाट निर्देशित भएका छन्। पहिले पहिले भित्र जे भए पनि आवरणमा यस्तो देखाइँदैनथ्यो। बहुपक्षीय हितमा खुलेका संस्थाप्रति बिस्तारै मोहभङ्ग भएको सङ्केत राष्ट्रिय स्वार्थमा केन्द्रित संस्था खुलाइएपछि स्पष्ट भएकै हो।

**शक्तिराष्ट्रको पनि आ‍आफ्नै स्वार्थ**

न्यु योर्कमा महासभा चलिरहँदा अमेरिकी र चिनियाँ राष्ट्रपतिबीच उच्चस्तरीय भेटवार्ता भयो। चिनियाँ राष्ट्रपतिलाई स्वागत गर्न अमेरिकी राष्ट्रपति विमानस्थलमै पुगे। दुई राष्ट्रपतिबीच द्विपक्षीय हितका बारेमा कुराकानी भएको सार्वजनिक भयो। तर चिनियाँ राष्ट्रपति महासभामा उपस्थित भएनन्। भारत, चीन र रुसका सरकार तथा राष्ट्रप्रमुख महासभामा नजानीकन बाहिरै वार्ता गर्नुको उद्देश्य बहुपक्षीय सङ्गठनको मूल्य सकिएको अर्थमा लिइएको छ। अमेरिकी राष्ट्रपतिको महासभामा सम्बोधन इरान तथा गाजा द्वन्द्वका विषयमा केन्द्रित भए पनि राष्ट्रिय स्वार्थमा प्रेरित थियो।

उता राष्ट्रसंघीय महासभा चलिरहँदा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र संयुक्त अरब इमिरेट्स (UAE) का राष्ट्राध्यक्ष शेख मोहम्मद बिन जायद अल नाह्यानबीच आबुधाबीमा गोप्य भेटवार्ता भयो। सन् २०२६ सेप्टेम्बरको अन्तिम साता भएको यस भेटलाई गोप्य राखिए पनि दुवै देशले भेटबारे पुष्टि गरेका छन्। भेटमा द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउने, इरान र यमनका हुथी विद्रोहीबाट सिर्जित क्षेत्रीय सुरक्षा चुनौतीका बारेमा छलफल भएको जनाइएको छ। नेतान्याहुले युएईका राष्ट्रपतिलाई इरानको आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा खतरासम्बन्धी नयाँ गुप्तचर सूचना जानकारी गराएको पुष्टि पनि गरेका थिए।

ठूला र शक्तिराष्ट्र एकापसमा द्विपक्षीय हितसहित राष्ट्रिय स्वार्थमा केन्द्रित हुन थालेपछि साना राष्ट्रको हित र संसारकै सुरक्षा चुनौती नपत्याउने गरी बढ्नेछ। सामूहिक स्वार्थको बाटो छोडेर राष्ट्रिय स्वार्थमा द्विपक्षीय हित हेर्न थालिएपछि सुरक्षा चुनौती बढ्नु स्वाभाविक हो। राष्ट्रसंघजस्ता बहुपक्षीय संस्थाले मानवजगत्को हित, सामूहिक सुरक्षा, भावना र विकासलाई प्राथमिकता दिन्थे। आज मानव अधिकारको भाषण गर्ने ठूला र प्रजातान्त्रिक मुलुक पनि साँघुरो घेरामा सीमित हुन खोज्नु शुभसङ्केत होइन।

राष्ट्रसंघ सामूहिक भावना पोख्ने साझा थलो भए पनि साना राष्ट्रको आर्थिक विकासमा उसको खासै ठूलो भूमिका थिएन। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंकजस्ता आर्थिक संस्था बहुपक्षीय हितमै केन्द्रित थिए। अहिले ती सबै संस्था शक्तिशालीकै काबुमा छन्। राष्ट्रसंघजस्ता संस्थालाई शक्तिराष्ट्रले कमजोर बनाउने अवस्था उत्पन्न भएपछि आर्थिक संस्थाहरूबाट साना राष्ट्रलाई अब अन्याय नभए पनि न्याय नहुन सक्छ। विश्व बैंक अमेरिकाको, अन्तर्राष्ट्रिय

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** व्यापारमा सोचेजस्तो सफलता मिल्नेछ। दाम्पत्य जीवनमा आउने सानातिना खटपटहरू समाधान हुनेछन्।

**बृष :** पुराना रोगबाट केही हदसम्म मुक्ति मिल्नेछ। प्रतिस्पर्धात्मक काममा सफलता हात पर्नेछ।

**मिथुन :** बुद्धिको सही प्रयोग गरेर आर्थिक लाभ लिन सकिनेछ। बौद्धिक क्षेत्रमा तपाईंको प्रख्याति बढ्नेछ।

**कर्कट :** घरपरिवारमा सुखशान्तिको वातावरण छाउनेछ। जग्गाजमिन वा सवारी साधन जोड ज्ञ गर्ने योग रहेको छ।

**सिंह :** पराक्रम र साहस वृद्धि हुनेछ। छोटो तथा लाभदायक यात्राको योग रहेको छ।

**कन्या :** आर्थिक मामिलामा सुधार आउनेछ। बोलीको प्रभाव बढ्ने हुनाले रोकिएका कामहरू सम्पादन हुनेछन्।

**तुला :** आजको दिन तपाईंका लागि उमंगले भरिपूर्ण रहनेछ। मानप्रतिष्ठा र सामाजिक सम्मानमा वृद्धि हुनेछ।

**वृश्चिक :** विदेशी लगानी वा विदेशसँग सम्बन्धित कामबाट फाइदा हुनेछ। अनावश्यक भ्रमण हुन सक्छ।

**धनु :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन्। साथीभाइको सहयोगले ठूला योजनाहरू अगाडि बढ्नेछन्।

**मकर :** व्यापार व्यवसायमा प्रगति हुनेछ र पदोन्नतिको योग रहेको छ। कर्मक्षेत्रमा गरिएको मेहनतको उचित कदर हुनेछ।

**कुम्भ :** भाग्योदयको योग रहेको छ। धार्मिक तथा आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।

**मीन :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले विशेष सावधानी अपनाउनुहोला।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# मधेशका प्रदेश प्रमुख कर्णसमक्ष वार्षिक प्रतिवेदन पेस

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ३० गते**

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुनिलरञ्जन सिंहले प्रदेश महान्यायाधीवक्ताको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णसमक्ष पेस गरेका छन्।

प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट




सम्पादन भएका कामको विवरण समावेश छ।

## तिहारपछि केन्द्र सरकारसँग प्रहरी समायोजनबारे ............

सम्मेलन कार्यक्रमबाट एजेन्डा नै पारित गरेको बताए । प्रधानमन्त्री बालेन्द्र शाहले जनकपुरधामको तिरहुतीया गाछिमा भाषण दिने क्रममा प्रदेशलाई अधिकार सम्पन्न बनाउने वाचा गरेबमोजिम उनलाई ध्यानाकर्षण गराउन तिहारको विदा लगत्तै सातवटै प्रदेशका मुख्यमन्त्री काठमान्डौं जाने मुख्यमन्त्री यादवले बताए।

उनले प्रहरी प्रशासनको काम कर्तव्यको प्रशंसा गर्दै थप प्रविधियुक्त बनाउन प्रदेश सरकारले सहयोग गर्ने प्रतिब्द्धता जाहेर गरे।कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेशका जिल्लाहरुमा विद्यमान सामाजिक हिंसा, सीमा क्षेत्रमा तस्करी, लागुऔषध ओसारपोसार, हत्या हिंसा, घरेलु अपराध लगायतका समस्या समाधान गर्न प्रहरीलाई अझ गम्भीर हुन आवश्यक रहेको धारणा राखे।

कुनै पनि नागरिक प्रहरी कार्यालयमा पुग्दा न्याय, सुरक्षा र भरोसाको अनुभूती हुने गरी कार्य गर्न प्रहरी प्रशासनलाई गृहमन्त्री महतोले आग्रह गरे। उनले प्रहरी प्रशासनसंग आवद्ध प्रत्येक कर्मचारीलाई आआफ्नो जिम्मेवारी निश्पक्षता, अनुशासन, ईमानदारीताका साथ गर्दै नागरिकमैत्री हुन आग्रह गरे।

कार्यक्रममा मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक ओम प्रसाद अधिकारीले मधेश प्रदेश सरकारसंगको समन्वय र भौतिक सहयोगका कारण प्रदेशभरीका प्रहरीले पहिला भन्दा बढी जिम्मेवार भएर काम गरीरहेको जानकारी दिए। उनले सीमा क्षेत्रबाट गत वर्ष भन्दा यस वर्ष बरामद भएका चोरी पैठारीका सामानबाट असुल उपर गरेको राजस्व बढेको जानकारी गराउँदै यसले प्रहरीको भूमिकाको प्रशंसा गरे।

उनले गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले प्रदेशका ८ वटै जिल्लाका प्रहरी कार्यालयहरुका लागि प्रदान गरेको भौतिक स्रोत साधनका निम्ति धन्यवाद व्यक्त गरे। साथै उनले प्रहरी प्रशासनको कामकाजलाई थप शसक्त बनाउनका निम्ति आधुनिक प्रविधिको उपलब्धतालाई बढाउनुपर्ने आवश्यक देखिएको बताए। कार्यक्रममा वर्षको उत्कृष्ठ प्रहरीको उपाधि विसम्भनाथ साहलाई प्रदान गरिएको थियो।

## सिरहामा ............

पतार, बरियारपट्टी, झाझपट्टी तथा प्रहरी चौकी कचनारीबाट समेत थप प्रहरी परिचालन गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी रमेशबहादुर पालले घटनाबारे जानकारी दिँदै कुटपिट तथा आगजनीमा संलग्न व्यक्तिहरूको खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान जारी रहेको बताए।

प्रहरीका अनुसार हाल घटनास्थलको अवस्था सामान्य रहेको छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## शक्तिराष्ट्रको स्वार्थले ओझेलमा ............

मुद्रा कोष युरोपको र एसियाली विकास बैंक जापानको अनुकूलमा चलिरहेका छन् । शक्तिराष्ट्रले द्विपक्षीय हितलाई राष्ट्रिय स्वार्थमा हेर्न थालेपछि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंक पनि उनीहरूको स्वार्थप्रेरित लगानीमा केन्द्रित हुने नै भए। यो नेपालजस्ता साना राष्ट्रका लागि शुभसङ्केत होइन।

**नेपालको बाटो**

सानो राष्ट्र भए पनि नेपाल राष्ट्रसंघले विशेष महत्त्व दिने मुलुक हो । राष्ट्रसंघले सबैभन्दा बढी शान्तिसेना नेपालबाटै लैजान्छ। नेपाल देश सानो भए पनि अन्तर्राष्ट्रिय शान्तिसेनामार्फत विश्वमा ठूलो प्रभाव जमाएको छ। विश्व शान्ति स्थापनामा सेनाबाट अर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ। नेपाली सेनाले विश्वशान्तिमा खेलेको भूमिका, उसको व्यावसायिक निष्ठा र मानव अधिकारप्रतिको उच्च सम्मानकै कारण राष्ट्रसंघले नेपाललाई विशेष महत्त्व दिएको हो।

राष्ट्रसंघीय शान्तिसेनामार्फत संसारकै विश्वास जितेको सेनाले राष्ट्र अस्थिर हुँदा पनि देशको कूटनीतिलाई स्थिर राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आयो। जेन-जी विद्रोहमा समेत बहुपक्षीय बहस चलाएर विद्रोह व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। नेपालले आफ्नो आदर्शअनुरूप बहुपक्षीय बाटो रोज्नुपर्ने पाठ भने नेपाली सेनाले राष्ट्रसंघबाटै सिकेको हो।

संसारकै छाता सङ्गठन मानिने राष्ट्रसंघजस्तो बहुपक्षीय संस्था कमजोर हुने र त्यस्ता संस्थाप्रति शक्तिशाली राष्ट्रको मोहभङ्ग हुन थाल्यो भने नेपालजस्ता मुलुक अप्ठ्यारोमा पर्छन्। बहुपक्षीय संस्थाको हित हेर्दाहेर्दै पनि अब राष्ट्रिय स्वार्थका लागि नयाँ नीति अख्तियार गर्नुपर्ने दायित्व पनि थपिएको छ। पुँजीवादी र साम्यवादी कुनै पनि गुटमा नलाग्ने भनी गठन भएको असंलग्न राष्ट्रहरूको सङ्गठनको पनि अबको यात्रा र राष्ट्रिय स्वार्थ त्यसबाट पनि पूरा हुने छाँटकाँट छैन।

साम्यवादी र पुँजीवादी नै मिलेर हिँडेपछि ती दुवै कित्तामा नउभिने भनेर गठन भएको असंलग्न आन्दोलनको औचित्य समाप्त हुने नै भयो। जुन सङ्गठनमा नजिक हुँदा आफ्नो स्वार्थ पूरा हुन्छ त्यही बाटो हिँड्नुपर्ने पाठ शक्तिशालीले सिकाएका छन् । राष्ट्रसंघजस्तो बहुपक्षीय हित चाहने संस्था बलियो हुनुपर्छ भनिरहे पनि राष्ट्रिय स्वार्थले जता डोऱ्याउँछ त्यही बाटो हिँड्नुपर्ने हाम्रो पनि बाध्यता हुन्छ। अब क्षेत्रीय सङ्गठन, व्यापार र आर्थिक सहयोग बढी हुने संघसङ्गठनमा घुस्नुपर्ने अबको दायित्व हो। राष्ट्रिय स्वार्थको अवसर हेर्नुपऱ्यो।

सार्कबाट गुमेको अवसर बिमस्टेकका माध्यमबाट लिनुपऱ्यो । किनभने छिमेकी भारत र चीन सँगै रहेका साङ्घाई सहयोग सङ्गठन र ब्रिक्समा लाग्न नेपाललाई सजिलो छैन। हामी दुई ठूला महाशक्ति राष्ट्रका बीचमा छौँ। दुवै छिमेकी रहेको ठाउँमा जानु हाम्रा लागि उपयुक्त विकल्प हुन सक्छ।

चीन र भारतसँग सँगसँगै हिँड्न सिक्नुपऱ्यो । ससाना विषयलाई लिएर छिमेकीसँग वादविवाद झिकेर आलोचना गर्ने होइन भारत र चीनलाई नचिड्याई अघि बढ्ने सहज बाटो रोज्नुपर्छ। नेपालजस्ता मुलुक अबको संसारमा एक्लै उभिन कठिन छ। क्षेत्रीय संस्थामा आबद्ध नभई जीविकोपार्जन गर्नसमेत कठिनाइ हुँदै गएको छ। हिजो हिँडिरहेको बाटो गन्तव्यमा नपुग्दै असान्दर्भिक भएपछि नयाँ बाटो खन्नुपर्छ। यो सजिलो काम भने होइन। कूटनीतिलाई नयाँ ढंगबाट हिँडाउन सकिएन भने अब धेरै पछि परिनेछ।

शक्तिशाली राष्ट्र द्विपक्षीय हितमा लाग्ने र सहयोग दिने संस्थाहरू तिनकै हितमा केन्द्रित हुने भएपछि नेपालजस्ता मुलुकको अवस्था निकै अप्ठ्यारो हुन सक्छ। अब हामीले आफ्नैभित्र दुस्मन देख्ने पुरानो शैली छाड्नुपर्छ। ससाना विवादमा आफैँभित्रका स्वार्थ बाझिएर फरक मत राख्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ।

शक्तिशालीहरू राष्ट्रिय स्वार्थमा जस्तो निर्णय गर्न पनि तयार रहेका बेला हामी अर्काको सहयोगमा बाँच्नुपर्नेहरू भित्रै अल्मलिनुपर्दा बाहिरी संसारमा के भइरहेको छ भन्नेबारे बेखबर हुनुपर्ने अवस्था आउन सक्छ। त्यसले हामीलाई निकै पछि पार्छ। अब देशभित्र हुने विरोध र आन्दोलनलाई सामूहिक प्रतिबद्धतासहित तिरस्कार नै गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थ र स्वार्थी समूहको पछि लागेर होइन जे गर्दा राष्ट्रिय हित हुन्छ त्यही बाटोमा हिँड्नु उत्तम हुनेछ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक
*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*









अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# दर्ता नै नभएको सोना मन्सुली जातको धान लगाउँदा रोगको प्रकोप

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज ३० गते

धानबालीमा विभिन्न रोगको संक्रमण फैलिएपछि धनुषाका किसान यस वर्ष उत्पादन घट्ने चिन्तामा परेका छन्।

जिल्लामा रोपाइँ भएको धानबाली मध्ये करिब १० प्रतिशतभन्दा बढीमा रोगको प्रकोप देखिएकाले यस वर्ष उत्पादनमा गिरावट आउन सक्ने अनुमान गरिएको छ।

धनुषामा सामान्यतया करिब ४३ हजार ७ सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकोमा यस वर्ष ४० हजार ५ सय १५ हेक्टरमा मात्र रोपाइँ भएको छ।



रोपाइँ भएको क्षेत्रफलमा समेत रोगको संक्रमण देखिएपछि किसान थप चिन्तित बनेका हुन्। कृषि ज्ञान केन्द्र धनुषाका बाली विकास अधिकृत मिथिलेश साहले यस वर्ष जिल्लामा ९५ प्रतिशत रोपाइँ भएको जानकारी दिए। उनले भने, 'अहिले धानबालीमा कीरा तथा रोगको प्रकोप बढी देखिएको छ। रोगव्याधिले धेरै क्षति नगरेको भए उत्पादन राम्रै हुन सक्थ्यो, तर अहिले स्थिति चुनौतीपूर्ण बनेको छ।'

कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीप यादवका अनुसार जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबालीमा 'राइस ब्लास्ट', 'ब्राउन लिफ स्पट' र 'सिथ ब्लाइट' रोगको संक्रमण पुष्टि भएको छ। उनले धानबालीमा रोगको संक्रमण देखिएकाले किसानलाई नियमित रूपमा खेतबारीको अनुगमन गर्न र लक्षण देखिनासाथ कृषि प्राविधिकसँग परामर्श लिन आग्रह गरे।

रोगको सही पहिचान गरी प्राविधिकको सिफारिसअनुसार मात्रै विषादी प्रयोग गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'अहिले रोग र कीराको प्रकोप देखिएको धान नेपालमा दर्ता भएको जात होइन। बढी उत्पादन दिने नाममा किसानले जथाभावी 'सोना मन्सुली' जातको धान लगाउँदा यस्तो समस्या देखिएको हो।' प्रमुख यादवले करिब १० प्रतिशत धानमा रोगव्याधिको प्रकोप बढी देखिएकाले यस वर्ष उत्पादनमा ह्रास आउन सक्ने बताए।

कृषि ज्ञान केन्द्रले रोग नियन्त्रणका लागि 'कारटाप हाइड्रोक्लोराइड' नामक विषादी प्रयोग गर्न सुझाव दिएको छ। तर, रोगअनुसार विषादीको छनोट, मात्रा र प्रयोग विधि फरक हुन सक्ने भएकाले प्राविधिकको सल्लाह लिनु आवश्यक रहेको केन्द्रको भनाइ छ।

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथका सूचना अधिकारी रवीन्द्रप्रसाद साहले मधेश प्रदेशमा अधिकांश क्षेत्रमा 'सोना मन्सुली' जातको धान लगाइने गरेको बताए। नेपालमा दर्ता नभएको र भारत तथा सीमावर्ती क्षेत्रबाट ल्याएर लगाइने भएकाले नै यसमा रोगव्याधिको जोखिम बढी हुने उनको भनाइ छ। उनले भने, 'हामीले नेपालमा दर्ता (रजिस्टर्ड) भएका जात मात्र लगाउन किसानसँग आग्रह गर्दै आएका छौँ, तर किसानहरूले आफूखुसी लगाउँदा समस्यामा पर्ने गरेका छन्।'

उनका अनुसार धानबाली अनुसन्धान कार्यक्रमले भौगोलिक अवस्था, मौसम, हावापानी र रोगव्याधिको जोखिमको विस्तृत अनुसन्धान गरेर मात्र जातहरू सिफारिस गर्ने गर्दछ। सिफारिस गरिएका जातहरूमा रोग-कीराको संक्रमण तुलनात्मक रूपमा निकै कम हुने भएकाले किसानमाझ यसबारे व्यापक प्रचारप्रसार गर्नुपर्नेमा उनले जोड दिए।

धानको पातमा असामान्य दाग देखिनु, बोट ओइलाउनु र बालीको वृद्धि रोकिनु रोग संक्रमणका सम्भावित लक्षण भएकाले यस्तो देखिनासाथ समयमै नियन्त्रणका उपाय अपनाउन अधिकृत साहले किसानलाई सुझाव दिएका छन्।

## सिरहाका प्रहरी निरीक्षक मल्ल 'उत्कृष्ट लागूऔषध .............

उनलाई सम्मान गर।

सम्मानपत्रमा उल्लेख भएअनुसार, प्रहरी निरीक्षक मल्लले लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिन जोखिमपूर्ण परिस्थितिमा समेत साहसिक नेतृत्व प्रदर्शन गरेका थिए।

हतियारसहितका लागूऔषध कारोबारीसँग दुई पटक दोहोरो झडप हुँदा पनि आफ्नो कमान्डमा रहेको प्रहरी टोलीलाई सुरक्षित राख्दै अभियुक्तहरूलाई नियन्त्रणमा लिन सफल भएको उनको योगदानलाई सम्मानपत्रमा उल्लेख गरिएको छ।

त्यस्तै, भारतबाट बालबालिकाको प्रयोग गरी नेपालमा लागूऔषध पठाउने संगठित सञ्जाल पहिचान गर्नु उनको अनुसन्धानको महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ।

उक्त सञ्जालका मुख्य व्यक्तिसहित तीन जना भारतीय नागरिक पक्राउ पर्नु लागूऔषध नियन्त्रणतर्फको सफलता मानिएको छ।

यसैगरी, सामान्य दुर्घटनासम्बन्धी घटनाबाट प्राप्त मोबाइल फोनको विश्लेषण तथा सम्बन्धित व्यक्तिहरूको बयानका आधारमा ठूलो लागूऔषध तस्करी सञ्जालसम्म पुग्न सफल भएको विषयलाई पनि उनको अनुसन्धान दक्षताको प्रमाणका रूपमा सम्मानपत्रमा समेटिएको छ।




## मधेश सरकार फेरि अस्थिर, एमालेले छाडेपछि .............

लोसपासहितको कित्तामा कांग्रेस आएपछि सरकारको नेतृत्व गर्ने अवसर कांग्रेसले पाएको थियो।

मंसिर १९ मा कांग्रेसबाट संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका थिए। झण्डै ६ महिना पश्चात् मधेश केन्द्रित दललाई कांग्रेसले सरकारबाट हटाएर एमालेलाई सरकारमा सहभागी गराएको थियो।

तर नेकपा एमालेले साढे पाँच महिना पश्चात कांग्रेसको साथ छोडेको छ। एमालेले अब कांग्रेसबाहेकको सरकार बनाउने बताएको छ।

आर्थिक वर्षको अन्तिममा आएर एमालेले सरकारमा सहभागी भएर चारवटा मन्त्रालय चलायो भने असोज मसान्तभित्र आफ्नो पार्टीलाई परेको मन्त्रालयहरूमा कर्मचारी सरुवामा व्यापक चलखेल समेत गरि सरकार छाडेको छ।

एमाले भागको मालदार मन्त्रालय भौतिक पूर्वाधारमा समेत केही दिन अगाडि भएको कर्मचारी सरुवामा उसले चलखेल गरेको थियो।

वरिस्ठलाई थन्काएर निमित्तहरूलाई जिम्मेवारी दिएको विषय समाचार सार्वजनिक गरेको थियो।

त्यस्तै अनधिकृत कमाइको मालदार अड्डाहरू मानिने यातायात कार्यालयहरू अधीनमा रहेको श्रम तथा यातायात मन्त्रालयले मुख्यमन्त्री कार्यालयको अधिकार क्षेत्रभित्र रहेको कर्मचारीको सरुवाको समेत उसले गरेको छ। यस मन्त्रालयमा मन्त्री थिइन्, शारदा देवी थापा।

मुख्यमन्त्री कार्यालयले गरेको कतिपय सरुवा समेत कार्यान्वयन नगरी मन्त्रालयले पुन आफू अनुकूल गरेको समाचारले बिहीबार मात्र सार्वजनिक गरेको थियो।

तर त्यही एमालेले सरकारमा १५ बुँदे सहमति पालना नभएको जनाउँदै प्रदेश सरकारबाट बाहिरिएको दाबी गरेको छ।

मुख्यमन्त्रीले सहमति अनुसार काम नगरेकाले सरकारमा रहिरहनुको औचित्य समाप्त भएको एमालेको निष्कर्ष छ।

'सरकार गठन हुँदा १५ बुँदे सहमति भएको थियो। तर, त्यो सहमति अनुसार काम भएन। सहमति पालना नभएपछि एमालेले अब यस सरकारमा रहिरहनुको कुनै औचित्य देखेन। त्यसैले समर्थन फिर्ता लिने निर्णय भएको हो' एमालेका प्रमुख सचेतक हरिनारायण महतोले भने।

केन्द्रमा एमाले र नेकपा बीच चुनावी सहकार्यसहितको सहमति भइसकेकाले अब प्रदेशमा पनि नयाँ गठबन्धन निर्माणको कसरत सुरु गर्ने रणनीतिमा एमाले छ।

जनमत पार्टी र जनता समाजवादी पार्टी (जसपा) लगायतका दलहरूसँग मिलेर नयाँ सरकार बनाउन सकिने र त्यसमा एमालेबाहेक अन्य दलको नेतृत्व पनि स्वीकार्य हुन सक्ने संकेत एमाले प्रमुख सचेतक हरिनारायण महतोले गरेका छन्।

एमालेले शुक्रबार सरकारबाट समर्थन फिर्ता लिनु अघि केही दिन यता नेपाली कम्युनिस्ट पार्टी माओवादीका नेताहरूसँग समेत छलफल गरेका थियो। एकैपटक एमाले र नेकपाले सरकार छाड्ने विषयमा पनि आन्तरिक गृहकार्यको प्रयास गरेको थियो।

तर नेकपा भने अहिलेको अवस्थामा अर्को सरकार गठनको संस्थागत दलहरुसँग सरकारको नेतृत्व लगायतको विषयमा छलफल भइ निष्कर्ष नलाग्दासम्म सरकार छाड्न हतार नगर्ने अडान छ।

स्रोतका अनुसार एमालेसँग सहकार्य गरेर सरकार छाड्ने वा नछाड्ने विषयमा शुक्रबार प्रदेशका नेताहरूले नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डसँग समेत छलफल गरेका थिए।

अहिले नेकपा सरकार छाड्नेबारे कुनै निर्णय नलिएको नेकपा संसदीय दलका नेता युवराज भट्टराईले बताए।

'अहिले नेकपाले सरकार छाड्ने वा नछाड्ने विषयमा कुनै ठोस निर्णय लिएको छैन यस विषयमा पार्टीभित्र छलफल गरेर मात्र निष्कर्षमा पुग्छौं' उनले भने।

नेकपा एमालेले जसपा जनमत नेकपा लगायतको दललाई समेटेर सरकार बनाउने भने पनि आगामी ती दलहरूको भूमिकामाथि निर्भर हुनेछ।

१०७ सदस्य मधेश प्रदेश सभामा अहिले २७ सिटसहित जनता समाजवादी पार्टी नेपाल पहिलो ठूलो दल हो। जनमतको १२ सिट छ। १-१ सिट संघीय समाजवादी पार्टी र राप्रपाको रहेको छ।

